## सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको
## विक्रम सम्वत् २०७७ साल पौष १४ गते मंगलबार
## अकामा होटेल, धुम्बाराही, काठमाण्डौमा सम्पन्न भएको
## पाँचौ वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

१. **पृष्ठभूमी :**

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको पाँचौ वार्षिक साधारण सभा मिति २०७७ साल पौष १४ गते तदनुसार २९ डिसेम्बर, २०२० मा अकामा होटेल, धुम्बाराही, काठमाण्डौमा सम्पन्न भएको थियो । कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष, सदस्यहरू, कम्पनीका पदाधिकारीहरू तथा शेयरधनी लगायत उपस्थित सबैलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई पाँचौ वार्षिक साधारणसभामा स्वागत गर्नु भएको थियो । साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री विनयकुमार श्रेष्ठज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन तथा कम्पनी व्यवस्थापनबाट यस कम्पनीद्धारा निर्माणाधीन ताप्लेजुङ्ग जिल्ला स्थित ७३ मे.वा. जडित क्षमताको मध्य तमोर जलविद्युत आयोजना निर्माणका सम्बन्धमा हाल सम्म भएको प्रगति र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गरिएको थियो । तत् पश्चात् साधारण सभामा पेश गरिएका निर्धारित प्रस्ताव उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा विहान ११:०० बजेबाट शुरू भई निर्धारित विषय सूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १:३० बजे समापन भएको थियो ।

(क) **<u>सभाको सूचना तथा प्रकाशन</u> :**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७६ साल मंसिर १३ गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस पाँचौ वार्षिक साधारण सभाका लागि २०७७ साल मंसिर २१ र २२ गतेको राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सूचना प्रकाशित गरिएको थियो । नियमानुसार सम्पूर्ण शेयरधनीहरूलाई व्यक्तिगत इमेल, सार्वजनिक सूचना आदिका माध्यमबाट सूचित गर्नुका साथै, कम्पनीको आ. व. २०७६/७७ को वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदन साधारण सभा अगावै विद्युतीय माध्यमबाट र पुनः सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपलब्ध गराइएको थियो ।

(ख) **<u>उपस्थिति</u> :** विद्युतीय

(अ) **सञ्चालकहरू :**

| | |
|---|---|
| १. श्री विनय कुमार श्रेष्ठ | सञ्चालक/अध्यक्ष |
| २. डा. श्री सुवर्णदास श्रेष्ठ | सञ्चालक-सदस्य (विद्युतीय माध्यमबाट) |
| ३. डा. श्री विश्वनाथ पौडेल | सञ्चालक-सदस्य (विद्युतीय माध्यमबाट) |
| ४. श्री अपार न्यौपाने | सञ्चालक-सदस्य |

(आ) **पदाधिकारीहरू :**

| | |
|---|---|
| १. डा. श्री जुगल भूर्तेल | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री जयन्तकुमार रेग्मी | कम्पनी सचिव |
| ३. श्री वसन्तकुमार पौडेल | प्रशासन तथा मानव संशाधन प्रमुख |
| ४. श्री निशान थापा | लेखा तथा वित्त प्रमुख |

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

(इ) **अन्य निकायका प्रतिनिधिहरू :**

१. श्री तुकप्रसाद पौडेल — सानिमा हाईड्रो एण्ड इन्जिनियरीङ्ग प्रा. लि. (प्राविधिक परामर्शदाता)

२. श्री राजुकुमार सिवाकोटी — जे.वि.आर.एच. एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट (लेखापरीक्षक)

(ई) **शेयरधनीहरू :**

| | |
|---|---|
| १. स्वयम् (प्रत्यक्ष तथा विधुयित माध्यमबाट)उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - ४७ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - ३१ जना |
| ३. जम्मा उपस्थिति संख्या | - ७८ जना |

२. **सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :**

साधारण सभामा निम्न प्रस्तावहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**(क) साधारण प्रस्तावहरू:**

१. पाँचौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ साल आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७६/०७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. आ. व. २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक शेयरधनीहरू (समुह “क”) को तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू:**

१. कम्पनीको जारी पूँजीलाई निम्नानुसार वृद्धि गरी प्रबन्धपत्रमा संशोधन गर्ने ।

(क) कम्पनीको हालको जारी पूँजी रू. ३,००,००,००,०००/- (अक्षरेपी तीन अर्ब मात्र) बाट वृद्धि गरी जारी पूँजी रू. ३,३३,२५,००,०००/- (अक्षरेपी तीन अर्ब तेत्तीस करोड पच्चीस लाख मात्र ) गर्ने ।

२. कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्धपत्रमा भएको संशोधनमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. थप बैंक कर्जा सुविधा लिने र सोका लागि कर्जा सम्झौता लगायतका अन्य आवश्यक कार्यहरू गर्न, गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
Kathmandu

३. **गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| विवरण | बाँडफाँड भएको कुल शेयर र शेयरधनी संख्या | स्वंम उपस्थित | | प्रतिनिधिपत्र बाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष | विद्युतीय | | | |
| शेयर कित्ता संख्या | २,१०,००,००० | ६९,४२,२०० | २२,७४,००० | ३६,८९,४०० | १,२९,०५,६०० | ६१.६५% |
| शेयरधनी संख्या | १८२ | १९ | २८ | ३१ | ७८ | ४२.८५% |

४. **सभाको वैधानिकता :**

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको पाँचौ वार्षिक साधारण सभामा स्वयम् (प्रत्येक्ष र विद्युतिय माध्यमबाट) तथा प्रतिनिधि पत्र मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या ७८ भएको र कुल बाँडफाँड भएको ६१.६५ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा जानकारी गराउनु भयो ।

(आ) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री विनयकुमार श्रेष्ठज्यूले गर्नु भयो र अध्यक्षज्यूको अनुमतिबाट कम्पनी सचिवले सभा सञ्चालन गर्नु भयो ।

५. **सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :**

साधारण सभाको कार्यक्रमको आरम्भमा सञ्चालक समितिका अध्यक्ष श्री विनयकुमार श्रेष्ठज्यूले आफ्नो मन्तव्य र सञ्चालक समितिको तर्फबाट आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । साथै शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनी व्यवस्थापनको तर्फबाट यस कम्पनीद्वारा निर्माणाधीन मध्य तमोर जलविद्युत आयोजना (७३ मे.वा.) को हालको निर्माण प्रगति तथा वित्तिय स्थितिका सम्बन्धमा पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुत गरियो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको २०७७ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७६/०७७ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरूलाई आव्हान गरियो ।

सभामा छलफलका क्रममा शेयरधनी महानुभावहरूले राख्नु भएको प्रश्न तथा जिज्ञासाहरूका सम्बन्धमा सञ्चालक समिति तथा कम्पनी व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृत डा. जुगल भूर्तेलज्यूले सम्बन्धित विषयहरूमा प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

६. **सभाको निर्णयहरू :**

निर्णयार्थ पाँचौ वार्षिक साधारण सभा समक्ष पेश भएका प्रस्तावहरू सभाको सर्वसम्मतिबाट निम्न बमोजिम पारित गरियो :

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

(क) साधारण प्रस्तावहरू :

**१. पाँचौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री विनयकुमार श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा उठेका प्रश्न तथा जिज्ञासामा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्ने प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ साल आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७६/०७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।**

लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको २०७७ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७६/०७७ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त आर्थिक विवरणहरू सर्वसम्मतिले पारित गरीयो ।

**३. आ. व. २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको सञ्चालक समितिको सिफारिस बमोजिम आ.व. २०७७/०७८ का लागि कम्पनीको हिसाव किताव लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था **जी. एण्ड जी. एसोसियट्स, चार्टड एकाउण्टेन्ट्स**लाई नियुक्त गर्ने र लेखापरीक्षण शुल्क बापत मूल्य अभिवृद्धि कर बाहेक रू. १,१०,०००/-(अक्षरेपी एक लाख दश हजार मात्र) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**४. संस्थापक शेयरधनीहरू (समुह "क") को तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।**

कम्पनीका संस्थापक शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकहरूको कार्यकाल पूरा भएको हुँदा संस्थापक शेयरधनीहरू (समुह "क") बाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचन सम्बन्धी कार्यक्रम तय गरिएकोमा तपसिल बमोजिम यस कम्पनीका शेयरधनी तथा शेयरधनी कम्पनीका आधिकारिक प्रतिनिधि गरी १ जना महिला सहित ४ जना उम्मेदवारहरूको मात्र मनोनयन पत्र दर्ता भएको र उक्त उम्मेदवारीका विरोधमा कुनै उजुर दावि नपरेको हुँदा निज उम्मेदवारहरू निर्विरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ वर्षका लागि सञ्चालक पदमा नियुक्त हुनु भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता अनिता तकोज्यूले सभालाई जानकारी गराउनु भयो ।

तपसिल

नियमावली बमोजिम आगामी ४ वर्षका लागि नियुक्त सञ्चालकहरूको विवरण :

| क्र.सं. | सञ्चालकको नाम र ठेगान | कैफियत |
|---|---|---|
| १. | श्री विनय कुमार श्रेष्ठ<br>गोरखकाली नं. पा. १, गोरखा<br>हाल बुढानिलकण्ठ नं. पा. , काठमाण्डौ | शेयरधनी |
| २. | डा. सुवर्णदास श्रेष्ठ<br>ओखलढुङ्गा -५, ओखलढुङ्गा<br>हाल बुढानिलकण्ठ न. पा. १, काठमाण्डौ | शेयरधनी |

Sanima Middle Tamor Hydropower Limited SMTHPL. Kathmandu

| | | |
|---|---|---|
| ३. | डा. विश्वनाथ पौडेल<br>रत्नगर -१, चितवन<br>हाल ल. पु. म. न. पा. २५, ललितपुर | शेयरधनी |
| ४. | श्रीमती उषा खतिवडा<br>भोटेचौर -७, सिन्धुपाल्चोक<br>हाल का. म. न. पा. ६, काठमाण्डौ | शेयरधनी |

**(ख) विशेष प्रस्तावहरू :**

**१. कम्पनीको जारी पूँजीलाई निम्नानुसार वृद्धि गरी प्रबन्धपत्रमा संशोधन गर्ने ।**

(क) कम्पनीको हालको जारी पूँजी रू. ३,००,००,००,०००/- (अक्षरेपी तीन अर्ब मात्र) बाट वृद्धि गरी जारी पूँजी रू. ३,३३,२५,००,०००/- (अक्षरेपी तीन अर्ब तेत्तीस करोड पच्चीस लाख मात्र ) गर्ने ।

यस कम्पनीद्धारा निर्माणाधिन मध्य तमोर जलविद्युत आयोजना (७३ मे. वा.) को अनुमानित कुल आयोजना निर्माण लागत रू. १२ अर्ब ६८ करोडबाट वृद्धि भई हाल कायम हुन आएको कुल लागत रू. १३ अर्ब ३३ करोडमा स्वपुँजी (Equity) तथा बैंक कर्जा (Bank Loan) लगानीको अनुपात अनुसार स्वपुँजी लगानी व्यवस्थापनका लागि कम्पनीको हाल कायम जारी पुँजी रू. ३,००,००,००,०००/- बाट वृद्धि गर्नु पर्ने भएकोले कम्पनीको जारी पुँजी रू. ३,३३,२५,००,०००/-(अक्षरेपी तीन अर्ब तेत्तीस करोड पच्चीस लाख मात्र) बनाउने र सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ख) मा तपसिल अनुसार संशोधन गर्न सभा समक्ष पेश गरिएको विशेष प्रस्ताव सभाको सर्वसम्मतिले पारित गरियो ।

<u>तपसिल</u>

<u>प्रबन्धपत्रको दफा ६(ख) को सट्टामा देहाय दफा ६(ख) कायम गर्ने :</u>

**६(ख) कम्पनीको तत्काल जारी पूँजी रू. ३,३३,२५,००,०००/-(अक्षरेपी तीन अर्ब तेत्तीस करोड पच्चीस लाख रूपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००/- (एक सय) का दरले ३,३३,२५,००० (तीन करोड तेत्तीस लाख पच्चीस हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।**

**२. कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्धपत्रमा भएको संशोधनमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

सभामा पेश भएको विशेष प्रस्ताव नं. १ बमोजिम पुँजी वृद्धि सहित कम्पनीको प्रबन्धपत्रमा भएको संशोधन नियमानुसार अभिलेख गर्ने क्रममा सम्बन्धित नियामकबाट उक्त संशोधनका सम्बन्धमा कुनै फेरबदल, परिवर्तन वा समायोजन गर्न सुझाव वा कुनै निर्देशन प्राप्त भएमा सोही अनुसार गर्न, गराउनका लागि कम्पनीको सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

**३. थप बैंक कर्जा सुविधा लिने र सोका लागि कर्जा सम्झौता लगायतका अन्य आवश्यक कार्यहरू गर्न, गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

यस कम्पनीद्वारा निर्माणाधिन मध्य तमोर जलविद्युत आयोजना (७३ मे. वा.) को कूल आयोजना निर्माण लागतमा वृद्धि भई हाल रू. १३ अर्ब ३३ करोड कायम हुन आएको हुँदा सोको स्वपूँजी र बैंक कर्जा लगानीको अनुपात २५:७५ प्रतिशत अनुरूप हुन आउने बैंक ऋण लगानी व्यवस्थापनका लागि कुल बैंक कर्जा रकम रू. ९,९९,७५,००,०००/-(अक्षरेपी नौ अर्ब उन्नानसय करोड पचहत्तर लाख मात्र) मध्ये साविकमा स्वीकृत कर्जा रकम रू. ९,५०,९८,००,०००/-(अक्षरेपी नौ अर्ब पचास करोड अन्ठान्नब्बे लाख मात्र) बाहेकको थप आवश्यक रकम रू. ४८,७७,००,०००/- (अक्षरेपी अठ्चालीस करोड सतहत्तर लाख मात्र) बैंक कर्जा आवश्यक पर्ने हुँदा उक्त थप बैंक कर्जा लिने निर्णय गरियो । साथै उक्त बैंक कर्जा प्राप्त गर्नका लागि यस कम्पनीको तर्फबाट सम्बन्धित बैंक समक्ष नियमानुसार निवेदन गर्ने, कर्जा सम्झौता गर्ने लगायत अन्य आवश्यक सम्पूर्ण कार्यहरू गर्ने, गराउनका लागि कम्पनीको सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा सभा समक्ष पेश गरिएको विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

<u>(ग) विविध</u> ।

विविध विषय अर्न्तगत कुनै छलफल तथा निर्णय भएन ।

**<u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन</u> :**

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबै निकायलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाउनु भएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस पाँचौ वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
Kathmandu

| | |
|---|---|
| जयन्तकुमार रेग्मी<br>कम्पनी सचिव | विनयकुमार श्रेष्ठ<br>अध्यक्ष |